म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २६८ २०८० भदौ ७ गते बिहीबार 24 August 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## धादिङमा बस दुर्घटना हुँदा ८ जनाको मृत्यु



दुर्घटनास्थलमा घाइतेको उद्दारमा खटिएका प्रहरी ।

समाज संवाददाता

हेटौंडाः छिमेकी जिल्ला धादिङको गजुरी गाउँपालिका-२, चालिसेस्थित पृथ्वी लोकमार्गबाट त्रिशुली नदीमा बस खस्दा ८ जनाको मृत्यु भएको छ । बुधबार बिहान ११ बजेर १० मिनेटको समयमा उक्त सडकखण्ड हुँदै काठमाडौंबाट म्याग्दीको बेनी जाँदै गरेको प्रदेश ३-०१-००५ ख ९९५२ नम्बरको बस अनियन्त्रित भएर सडकबाट ४० मिटर तल त्रिशुली नदीमा खस्दा ८ जनाको मृत्यु भएको हो ।

बुधबार साँझसम्म मृत्यु भएका ८ जनामध्ये ६ जनाको पहिचान खुलेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । सनाखत हुनेमा ३ जना पर्वत जिल्लाका रहेका छन् । बस नदीमा खस्दा पर्वत जिल्लाको मोदी गाउँपालिका-१ की १५ वर्षीया कृतिका शर्मा पौडेल, सोही पालिकाको वडा नम्बर ५ का ४५ वर्षीय झपटबहादुर क्षेत्री र पर्वतकै जलजला गाउँपालिका-६ की ४२ वर्षीया राधिका सापकोटाको मृत्यु भएको छ ।

यस्तै, म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका-३ का ५० वर्षीय थानबहादुर भण्डारी, धादिङको गजुरी गाउँपालिका-८ का २० वर्षीय सुशील रम्तेल र कास्की जिल्लाको फूलबारी-११ का २५ वर्षीय सुमन थापाको मृत्यु भएको छ। दुर्घटनामा परी १५ जना घाइते भएका छन् । घाइतेमध्ये म्याग्दीकी ४५ वर्षीया सुनिता छन्त्याल, बंगलादेशका ३५ वर्षीय सुदिप मण्डल, बंगलादेशकै ३२ वर्षीय मोहमद हजिरहुल र म्याग्दीको बेनी नगरपालिका-३ का २९ वर्षीय गौतम छन्त्यालको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । घाइते सबैजनाको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

मध्यम घाइते भएका बाग्लुङकी १९ वर्षीया सुस्मा क्षेत्री, बस चालक म्याग्दीका ३० वर्षीय दीपक थापा, बेनी-३ का २४ वर्षीय पूर्ण छन्त्याल,.पर्वतको मोदी-१ का ४१ वर्षीय गुरुदत्त शर्मा पौडेल, काठमाडौंका ५२ वर्षीय खड्ककुमार श्रेष्ठ र म्याग्दीको रघुगंगा-६ की रीना राना मगरको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । यस्तै, काठमाडौंको बल्खुस्थित बयोधा अस्पतालमा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ का १९ वर्षीय कुशल अधिकारी, पर्वतकी ६३ वर्षीया हरिकला गौडेल, म्याग्दीका क्रमशः २२ वर्षीया अञ्जु राना मगर, २९ वर्षीय प्रविन पुन र १६ वर्षीया गीता जंजाली मगरको उपचार भइरहेको जनाइएको छ । घाइते सबैको अवस्था मध्यम रहेको प्रहरीको भनाइ छ ।

घटनास्थलमा इलाका प्रहरी कार्यालय गजुरीबाट प्रहरी नायव उपरीक्षकको कमाण्डमा २५ जना, जिल्ला प्रहरी कार्यालय धादिङबाट १३ जना, जिल्ला ट्राफिक प्रहरी कार्यालय धादिङबाट १० जनाको टोली खटिएको थियो । यस्तै, सशस्त्र प्रहरी १५ जना र नेपाल आर्मीका ३५ जना सेना उद्दारका लागि खटिएका थिए ।

## एक वर्षपछि राक्सिराङले पायो मेडिकल अधिकृत



गत वर्ष मेडिकल अधिकृत सुवास बराललाई विदाई गर्ने समयको तस्वीर ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकास्थित राक्सिराङ आधारभूत अस्पतालले एक वर्षपछि मेडिकल अधिकृत पाएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी बजारबाट मोटरसाइकलमा ३० मिनेटमा पुग्न सकिने राक्सिराङको चैनपुरस्थित राक्सिराङ आधारभूत अस्पतालले मेडिकल अधिकृत पाउन भने एक वर्ष लागेको हो । गाउँपालिकाले गाउँमा बसेर सेवा गर्न चाहने मेडिकल अधिकृतको खोजी गरेपछि मात्रै नियुक्तिको आवश्यक प्रक्रिया थालनी गरेको हो ।

राक्सिराङ गाउँपालिकाले मंगलबार एक सूचना प्रकाशित गरी डा. गजल पन्तलाई मेडिकल अधिकृत (आठौं तह) नियुक्तिको प्रक्रियामा सफल उम्मेद्वारको रुपमा चयन गरेको छ । डा. पन्त मकवानपुर जिल्लाकै हुनुहुन्छ । डा. पन्त हेटौंडा-४ का स्थायीवासी हुनुहुन्छ । वैकल्पिक उम्मेदवारको रुपमा गोरखाका डा. अञ्जनजंग थापा रहनुभएको छ । गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख विजय काप्रीका अनुसार गाउँमा बसेर काम गर्न इच्छुक चिकित्सकको अभावमा एक वर्षदेखि १० शैय्याको राक्सिराङ आधारभूत अस्पतालले मेडिकल अधिकृत नपाएको हो ।

गाउँपालिकामा कार्यरत मेडिकल अधिकृत डा. सुवास बराल उच्च शिक्षा अध्ययनका लागि विदेश जाने भएपछि २०७९ साल भदौ २८ गते गाउँपालिकाले विदाई गरेको थियो । बरालको विदाईपछि राक्सिराङ आधारभूत अस्पताल डाक्टर विहिन बनेको हो । डा. बराल हाल उच्च शिक्षा अध्ययनको क्रममा इजिप्टमा हुनुहुन्छ । त्यसअघि राक्सिराङ गाउँपालिकाको पहिलो डाक्टरको रुपमा डा. धनबहादुर खत्रीले करिब डेढ वर्ष सेवा गर्नुभएको थियो । दोस्रो डाक्टर सुवास बरालले करिब ६ महिना गाउँपालिकामा सेवा गर्नुभएको थियो ।

बरालको विदाईपछि गाउँपालिकाले मेडिकल अधिकृत नियुक्तिका लागि एक पटक सूचना सार्वजनिक गरे पनि इच्छुक मेडिकल अधिकृत कोही पनि नभेटिएको गाउँपालिकाका स्वास्थ्य प्रमुख काप्रीले जानकारी दिनुभयो । यसपटक पनि सेवा गर्न आउन २ जना इच्छुक मेडिकल अधिकृत पाएपछि सूचना प्रकाशन गरेको काप्री बताउनुहुन्छ । २ जना सम्पर्कमा आएपछि गाउँपालिकाले सूचना प्रकाशित गरे पनि ३ जनाले आवेदन दिएका थिए । गाउँपालिकाले नियुक्त गर्ने मेडिकल अधिकृतलाई संघीय सरकारले तलब दिनेछ भने गाउँपालिकाले शतप्रतिशत् भत्ताको व्यवस्था गरेको छ ।

चालु आर्थिक वर्षका लागि राक्सिराङ गाउँपालिकाले स्वास्थ्य बीमा र स्वास्थ्य बस सेवालाई महत्वपूर्ण कार्यक्रमको रुपमा कार्यान्वयन गर्न लागेको छ । गत आर्थिक वर्षको १५ लाख रुपैयाँ र चालु आर्थिक वर्षको १० लाख रुपैयाँ गरी कुल २५ लाख रुपैयाँ बजेट रहेको स्वास्थ्य शाखा प्रमुख काप्रीले जानकारी दिनुभएको छ । चालु आर्थिक वर्षमा ५ सय परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा समावेश गराउने गाउँपालिकाको लक्ष्य रहेको छ ।

यस्तै चालु आर्थिक वर्षमा राक्सिराङ गाउँपालिकाले स्वास्थ्य बस सञ्चालन गर्ने योजना बनाएको छ । स्वास्थ्य परीक्षण गर्न आवश्यक गाउँवासीलाई उनीहरुको घरदैलोबाटै ल्याएर गाउँपालिकाको आधारभूत अस्पतालमा उपचार गरेर उनीहरुलाई घरदैलोमै फिर्ता पुऱ्याउने गरी स्वास्थ्य बस सञ्चालन गर्न लागिएको स्वास्थ्य प्रमुख काप्रीले बताउनुभयो । यस्तै गाउँपालिकाले चालु आर्थिक वर्षमै स्वास्थ्य संस्थामै प्रसुती सेवा लिनेलाई ३ दिनसम्म निशूल्क खाना खुवाउन बजेट बिनियोजन गरेको छ । यसबाट स्वास्थ्य संस्थामै सुत्केरी गराउन प्रेरित हुने पालिकाको अपेक्षा रहेको छ ।

## तामाङ पहिचान दिवसमा सम्मान

समाज संवाददाता

हेटौंडाः ९१ औं तामाङ पहिचान दिवसको अवसरमा मकवानपुरमा विभिन्न व्यक्तिलाई समान गरिएको छ । बुधबार नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरले सम्मान तथा अन्तर क्रियाको आयोजना गरेको हो ।

जिल्लामा २०७९ सालमा निर्वाचित तामाङ जनप्रतिनिधिहरुलाई सम्मान गरिएको हो । घेदुङ जिल्ला अध्यक्ष कालु घलानको अध्यक्षता तथा नेपाल तामाङ घेदुङ संघीय अध्यक्ष मोहन गोलेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा स्थानीय तहमा निर्वाचित तामाङ जनप्रतिनिधिहरुको भूमिका र गाउँ, नगर, जिल्ला सभा सञ्चालन कार्यविधिसम्बन्धी ऐनका विषयमा

...बाँकी पृष्ठ ४ मा

**हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, संगमचोक, मकवानपुरको, फोन : ०५७-५२६५२१

**१७ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !**

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

यस संस्थाको १७ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने व्यहोराको सूचना सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रमार्फत् पाठाई सकिएको छ, यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर सभामा अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभा हुने :**

**मिति** : २०८०/०५/२३ गते शनिबार, **समय** : बिहान १०:०० बजे ।, **स्थान** : रोयल पार्टी प्यालेस, हेटौंडा-४

(**नोट** : यो वर्ष अधिवेशन वर्ष भएकोले निर्वाचन तालिका निम्नानुसार रहेको जानकारी गराईन्छ ।)

**निर्वाचन कार्यक्रम**

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०८०/०५/०१ | कार्यालय समय | मतदाता नामावली प्रकाशन |
| २०८०/०५/०२ देखि ५ गते | १०:००-५:०० बजेसम्म | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| २०८०/०५/०९ | १०:००-५:०० बजेसम्म | अन्तिम नामावली प्रकाशन |
| २०८०/०५/१० | १०:००-५:०० बजेसम्म | उम्मेदवारी दर्ता |
| २०८०/०५/१० | ५:००-६:०० बजेसम्म | उम्मेदवारको नामावली प्रकाशन |
| २०८०/०५/१६ गतेसम्म | १०:००-५:०० बजेसम्म | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०८०/०५/२० | १०:००-१:०० सम्म बजेसम्म | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| २०८०/०५/२३ | १२ बजे (५ बजे सम्म | मतदान कार्यक्रम |
| २०८०/०५/२३ | मतदान सकिएको १ घन्टा पछिबाट | मतगणना |
| २०८०/०५/२३ | मतगणना पछि | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण |
| २०८०/०५/२४ | विहान ८:०० बजे | सपथ ग्रहण |
| कार्यक्रम समापन | | |

**बाढी/पहिरो जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध**

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**
- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
ठूलो पानी परिरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**भीमफेदी गाउँपालिका**
**मकवानपुर**

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

# आमा बन्दै किशोरी

२० वर्षभन्दा कम उमेरमा विवाह गर्ने गराउने काम गैरकानुनी भए पनि बालविवाह अन्त्य हुन सकेको छैन । बालविवाह कम हुन नसकेको तथ्यलाई किशोरावस्थामै गर्भवती हुने र आमा बन्नेको संख्याले पनि पुष्टि गरिरहेको छ । २० वर्ष उमेर पुगेपछि विवाह गर्नुपर्ने कानुनी व्यवस्था भए कतिपय किशोरीले २० वर्षभित्रै दोस्रो र तेस्रो सन्तान जन्माएको पाइएको छ । बालविवाह कानुनीरुपमा दण्डनीय बनाइएको दशकौं भइसक्दा पनि बाल विवाह अन्त्य हुन नसक्नुले कानुन कार्यान्वयनको अवस्था निकै कमजोर सावित गरिहेको छ । त्यतिमात्र नभई बालविवाहविरुद्ध सरकारी तथा गैरसरकारी निकायले विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको भए पनि प्रभावहीन बनिरहेको छ । जटिल सामाजिक समस्या र कानुनीरुपमा दण्डनीय बालविवाहले निरन्तरता पाउनु भनेको हाम्रो समाज सचेत हुन नसकेको मान्नैपर्छ । पछिल्लो समय करिब ९८ प्रतिशत बालबालिका औपचारिक शिक्षामा संलग्न भइरहेको भए पनि उक्त शिक्षाले पनि बालविवाह रोक्न सकेको छैन ।

चालु आर्थिक वर्षको पहिलो महिना साउनमा मात्र हेटौंडा अस्पतालमा ५७ जना किशोरी आमा बनेका छन् । अस्पतालमा साउन महिनामा गर्भवती भएका ४ सय जनामध्ये २० वर्षभन्दा कम उमेरका ५७ जना सुत्केरी भएका हुन् । सुत्केरी हुने कुल संख्याको १४ प्रतिशतभन्दा बढी २० वर्षभन्दा कम उमेरको रहेको देखिएको छ । सामान्य अवस्थामा सुत्केरी हुने २ सय ६९ जनामध्ये ४५ जना २० वर्षभन्दा कम उमेरका छन् भने १ सय ३१ जनाको शल्यक्रिया गरी सुत्केरी गराउँदा १२ जना २० वर्षभन्दा कम उमेरका छन् । गत आर्थिक वर्ष (२०७९/०८०)को साउनदेखि असारसम्म हेटौंडा अस्पतालमा ४ सय ७९ जनाले २० वर्षभन्दा कम उमेरमै शिशुलाई जन्म दिएका थिए । उक्त तथ्यांकको आधारमा हेटौंडा अस्पतालमा प्रसुति सेवा लिएकामध्ये प्रत्येक महिना औसत ४० जना किशोरी आमा बन्ने गरेको देखिएको छ । अघिल्लो आर्थिक वर्ष (२०७८/०७९)मा हेटौंडा अस्पतालबाट २ सय ३५ किशोरीले सन्तानलाई जन्म दिएका थिए । यस तथ्यांकले मासिक औसत २० जना किशोरीले हेटौंडा अस्पतालमा प्रसुति गराएको देखाउँछ । पछिल्ला दुई वर्षको तथ्यांकले २० वर्ष भन्दा कम उमेरमै आमा बन्ने किशोरीको संख्या दोब्बर वृद्धि भएको देखिन्छ ।

२० वर्षको उमेरमै एक किशोरीले तेस्रो सन्तान जन्माएकी छिन् भने १९ वर्षकी २ र १८ वर्षकी ३ किशोरीले दोस्रो सन्तान जन्माएका छन् । साउनमा हेटौंडा उपमहानगरकाभित्रको मात्रै २९ जना किशोरी २० वर्षभन्दा कम उमेरमै आमा बनेकी हुन् । मकवानपुर जिल्लाको मनहरी गाउँपालिकाका ६, बकैया गाउँपालिकाका ४, बागमती गाउँपालिकाका २, भीमफेदी गाउँपालिकाका २, मकवानपुरगढी गाउँपालिकाका एक किशोरीले २० वर्षभन्दा कम उमेरमै सन्तानलाई जन्म दिएका छन् । यस्तै, बारा जिल्लाका १०, सिन्धुली, सर्लाही र पर्सा जिल्लाका एक/एक जना २० वर्षभन्दा कम उमेरका किशोरीले हेटौंडा अस्पतालमा सन्तान जन्माएका छन् ।

मुलुकको कानुनले महिला तथा पुरुष दुबैको विवाहयोग्य उमेर २० वर्ष तोकेको छ । तर, २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने क्रम रोकिएको छैन । २० वर्षभन्दा कम उमेरमा विवाह गर्नेमात्र नभई २० वर्षभन्दा कम उमेरमै आमा बन्नेको संख्या उल्लेख्य रहनु चिन्ताको विषय बनेको छ । २० वर्षभन्दा कम उमेरमै विवाह गरेर सन्तान जन्माउँदा शिशु र आमा दुबैलाई जोखिम हुने भए पनि किशोरी आमाहरुको संख्या उल्लेख्य रहनुलाई सामान्य मान्न सकिँदैन । बालापनमा रमाउने, खेल्ने तथा लेखपढ गर्ने उमेरमै विवाह गर्नु र सन्तान जन्माएर जोखिम निम्त्याउने अवस्था कम नहुनु चिन्ताको विषय बनिरहेको छ । मकवानपुर जिल्लाका ३ वटा गाउँपालिका बालविवाहमुक्त घोषणा भएर बालमैत्री पालिका घोषणा भइसकेको र हेटौंडा उपमहानगरपालिकालाई पनि आगामी मंसिरभित्र बालमैत्री घोषणा गर्ने तयारी भइरहेको अवस्थामा किशोरी आमाको संख्या उल्लेख्य वृद्धि हुनुलाई गम्भीररुपमा लिनु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५


**मेष** : व्यापार– व्यवसायमा चुनौति भोग्नुपर्ला ।
**वृष** : व्यस्तताामा समय व्यतित हुने समय योग छ ।
**मिथुन** : व्यापार– व्यवसाय दुवै मध्यमकारक रहला ।
**कर्कट** : धार्मिक तथा परोपकारजन्य काममा सरिक ।
**सिंह** : धार्मिक र सामाजिक काममा सरिक भइनेछ ।
**कन्या** : व्यवसायीका लागी तनावपूर्ण समय छ ।
**तुला** : काम धन्दामा व्यस्त रहने समय योग छ ।
**वृश्चिक** : आहार–विहारमा ध्यान पुर्‍याउनु पर्ला ।
**धनु** : व्यापार–व्यवसाय मध्यमकारक रहनेछ ।
**मकर** : बोलीको नियन्त्रण गर्दा राम्रो रहला ।
**कुम्भ** : विशिष्ट व्यक्तिसँग भेट वार्ता होला ।
**मीन** : सेवाग्राहीको विश्वास जित्न समय लाग्ने छ ।

# के हाम्रो देशलाई सन्चै छ ?

**यी सबै बेथितिलाई बेवास्ता गर्दै कसरी लेखूँ – देशलाई सन्चै छ भनेर ! यद्यपि आसलाग्दो कुरा के हो भने, देशको रोग पत्ता लागिसकेको छ । विभिन्न दलका चरित्रवान् र नैतिकवान् युवा नेताले सच्चिनुपर्ने र सच्याउनुपर्ने विषयलाई महसुस गरिरहेको देखिन्छ ।**



✍ डा. बलराम तिमल्सिना



केही दिनअगाडि म एउटा शैक्षिक कार्यक्रममा भाग लिन बर्दिवास पुगेको थिएँ। एक बिहान चिया पिउँदै गर्दा त्यहाँका केही युवासँग देशको स्थितिका बारेमा छलफल भयो । एक युवाले सोधे, 'ताल्चा लागेका दुई कोठा' शीर्षकको लेख लेख्ने बलराम तपाईं नै हो ?'

मैले मै हुँ भनेपछि उनले भने, 'सबै भन्छन्, देशलाई क्यान्सर लागेको छ, यो रोग निको हुँदैन । त्यसैले सबैले बुझ्ने भाषामा तपाईंले लेख्नुस् न – देशलाई सन्चै छ र भोलि समृद्ध देश बन्छ भनेर ।'

छलफलमा उनीहरूको सकारात्मक सोच र भावना सुन्दा लाग्यो, अब देश हाँक्ने सकारात्मक विचार लिएर अगाडि बढेका यिनै युवाले हो ।

ती युवाको आग्रहलाई लिएर साँच्चिकै म रन्थनिएँ । काठमाडौं फर्केपछि तीन दिन लगाएर मैले उद्योगी, व्यापारी, शिक्षक, विद्यार्थी, कर्मचारी, किसान, गृहिणी, नेता कार्यकर्तादेखि सडकमा भारी बोकेर हिँड्ने सम्मलाई प्रश्न राखेँ – के हाम्रो देशलाई सन्चै छ ?

दुई सरकारी कर्मचारीको उत्तर मझधारमा थियो । यसबाहेक सबैको एकै स्वर थियो कि देशलाई सन्चो छैन । मैले आफ्नै आत्मालाई सोधेँ – के मेरो देशलाई सन्चो नभएकै हो ? आत्माले मलाई भन्यो – हो, तेरो देश अहिले बिरामी छ । अन्ततः मैले यही कोणबाट लेख्नैपर्‍यो । यो लेख विशुद्ध मेरा विचार भन्दा पनि मेरो सानो अनुसन्धानमा संलग्नहरूको विचार र भावनाको संश्लेषण हो । देशलाई सन्चै छ भनेर लेख्न नसकेकामा ती युवाप्रति क्षमाप्रार्थी छु ।

राजनीति सबै नीतिको मियो भएकाले सुरु गरौँ राजनीतिक दलहरूबाटै । देशमा ८० वर्ष लगभग पुग्न लागेकादेखि भर्खर खुलेर टाउको उठाउँदै गरेका दल छन् । यस्तै, ८० को हाराहारीदेखि ४० को हाराहारीका नेताले दल हाँकेका उदाहरण पनि छन् । यी दुवै थरीका भाषणमा सुनिन्छ – आरोप-प्रत्यारोप, गाली वा आक्रोश ।

युवा तथा ज्येष्ठ नेता दुवैको पत्रकार सम्मेलन हेरियो – त्यहाँ सौम्यता, शालीनता, सभ्य भाषा र विपक्षीको राम्रा काम र विचारको सम्मान देखिँदैन ।

ठूला भनिने सबै दलका कुनै न कुनै नेता भ्रष्टाचार, अनियमितता वा आपराधिक कार्यमा मुछिएका छन्, तर ती दलका बैठकमा आफ्ना नेताको आचरणलाई लिएर कुनै छलफल वा छानबिन हुँदैन । उल्टै आफ्नो नेतालाई नियतवश फसाइएको निष्कर्ष निकालिन्छ । संसारले देखेको र बुझेको विषयलाई पनि शब्दजालले ढाक्ने कोसिस गरिन्छ ।

दलका बैठकमा देश र जनताका समस्या र तिनको समाधानमा छलफल भएको त्यति सुनिदैन, भइहाले पनि सतही र कर्मकाण्डी किसिमको हुन्छ । देश हाँक्ने सत्तापक्ष र प्रतिपक्ष दलहरूको हबिगत यो छ भने, देशलाई सन्चै छ भनेर लेखूँ कसरी ?

राजनीतिक दलहरूलाई त बिसन्चो भएकै पाइयो । अब हेरौँ देशको आर्थिक अवस्था । प्रतिपक्ष र जिम्मेवार दलकै नेताहरू देश श्रीलङ्काको बाटोमा गयो भन्छन् । यसो हुनुमा कसको कति दोष छ ? यसमा समीक्षा हुँदैन । अर्कोतिर, सत्तापक्ष भन्छ – देशको अर्थतन्त्र लयमा आयो, अर्थ-व्यवस्था सुधारिएको छ। हामी सर्वसाधारणले कसका कुरा पत्याउने ?

जसले जे भने पनि भ्रष्टाचार, कमिसन र कुशासनमा कमी आउन सकेको छैन ।

देशको अर्थतन्त्र कमजोर बन्दै गइरहेको छ। घाटाको बजेट छ। त्यसमा विकास बजेट ६० प्रतिशत पनि खर्च हुँदैन । देश रेमिटेन्सले धानिएको छ, लक्ष्यअनुरूप राजस्व उठेको छैन। वैदेशिक ऋण बढेको बढ्यै छ ।

अब नियालौँ, सामाजिक पक्षलाई । दलीय आस्था र जातीय मानसिकताले समाज विभाजित देखिन्छ । हुने र नहुने बीचको खाडल बढ्दो छ । सामाजिक सञ्जालमा धार्मिक र जातीय विद्वेष बढाउने अराजक अभिव्यक्ति तीव्र देखिन्छ। मानिस-मानिसबीच सहानुभूति, सद्भाव, सहयोग र सहृदयताको अभाव खड्कँदै छ।

शिक्षाको अवस्था हेरौँ । विद्यालय दुई प्रकारका छन् – सामुदायिक र संस्थागत । सामुदायिक विद्यालयमा शिक्षक, विद्यार्थी, कर्मचारी सबै आ-आफ्नो सङ्गठनको राजनीति गर्छन् । विद्यालय व्यवस्थापन समिति राजनीतिक दलबाटै आउँछन्, उनीहरूले राजनीति गर्ने नै भए। यही राजनीतिले सार्वजनिक शिक्षा थिलथिलो भएको छ । केही गरौँ भन्ने प्रधानाध्यापक र व्यवस्थापन समितिलाई शिक्षकको दरबन्दी र सङ्घीय सरकारले छुट्ट्याएको बजेटले साथ दिँदैन। जेनतेन चलेका छन् सामुदायिक विद्यालयहरू । अपवादमा उम्दा विद्यालय नभएका होइनन्, समग्रमा सामुदायिक विद्यालयको उत्पादन सन्तोषजनक छैन ।

संस्थागत विद्यालय अति नै व्यापारमुखी देखिन्छन् – पुस्तकमा व्यापार, कापीमा व्यापार, पोसाकमा व्यापार । हुँदाहुँदा भर्नामा पनि व्यापार हुन लागिसक्यो, यतिजना भर्ना गर, यति सहुलियत पाउँछौ भन्छन् विद्यालय सञ्चालकहरू । न शिक्षकलाई तालिम दिन्छन्, न त नियम र कानुनले तोके अनुसारको छात्रवृत्ति वितरण गर्छन् । सरकारले तोकेको मापदण्डलाई ठाडै उलङ्घन गरेर शुल्क असुल्ने प्रवृत्ति बढेकै छ।

शिक्षामा नाफा कमाउन नाफाखोरहरूले लगानीका अगाडि त्यो देशको संविधानमा लेखिएको 'समाजवाद उन्मुख' शब्दले आफैँ लाज मान्नुपर्ने भएको छ । मैले विश्वविद्यालयका विद्यार्थीलाई पनि सोधेको थिएँ, के देशलाई सन्चै छ ?

उनीहरू भन्दै थिए – नियमित पढाइ हुँदैन, समयमा परीक्षा हुँदैन । परीक्षा भइहाले पनि पाठयक्रम, पाठयपुस्तक र पढाएका कुरा ख्याल नगरी प्रश्न आउँछन्। परीक्षाफल कहिले प्रकाशित हुने टुङ्गो हुँदैन।

विश्वविद्यालयमा थरीथरीका नामधारी विद्यार्थी सङ्गठन छन्। सङ्गठनका स्वार्थमा प्राध्यापक कुटिन्छन्, विश्वविद्यालयमा ताला लाग्छ, प्राध्यापकलाई कालोमोसो दलिन्छ। यस्तो कुकृत्यतर्फ राजनीतिक दल मौन बस्छन् र विश्वविद्यालयका विभिन्न पद भागबन्डामा रमाउँछन्। प्राज्ञिक र उत्कृष्ट प्राध्यापक सिफारिस हुँदैनन्, दलका झोलेहरूले ठाउँ ओगट्छन् ।

अब कुरा गरौँ, स्वास्थ्य क्षेत्रको । सरकार भन्छ – आधारभूत औषधि निःशुल्क वितरण गरिएको छ। जब गाउँको एउटा बिरामी निःशुल्क भनिएको औषधि लिन हेल्थपोस्ट पुग्छ, उसले उत्तर पाउँछ, 'औषधि त निःशुल्क हो तर अहिले सकिएको छ ।' अनि बिरामीले निजी मेडिकलबाट औषधि किन्नैपर्‍यो ।

सरकार भन्छ, गरिब र निमुखाका लागि अस्पतालमा बेड निःशुल्क छ, तर त्यो वर्गका बिरामी अस्पताल पुग्दा सबै बेड भरिभराउ हुन्छन् । त्यसपछि गरिब निमुखा बिरामी निजी अस्पतालमा पुग्छन् र चर्को शुल्कले पिल्सिन्छन् । बिरामी निको भए पैसा तिर्न नसकेर बन्धक हुन्छ, मरे अस्पतालले आफन्तलाई लास दिँदैन । यस्तै खालको सर्वसुलभ छ, यो देशको स्वास्थ्य सेवा ।

किसानका कुरा गर्ने हो भने, अहिले पशुमा लागेको लम्की स्किन रोगको उपचारमा सरकारको रबैया प्रस्ट देखिएको छ । स्थानीय सरकार पालिकाका सबै पशुलाई खोप लगाउन चाहन्छन्, खोप पठाउनुपर्ने सङ्घीय सरकार विज्ञप्तिमै सीमित छ ।

कृषि र भान्छातर्फ नियालौँ । कृषिप्रधान भनिने देशमा उत्पादन भएको तरकारी सडकमा फाल्न बाध्य छन् कृषक, अर्कोतिर विषादी परीक्षण समेत नभएको भारतीय तरकारी खान बाध्य छौँ हामी । दूध भारतबाट आयात गरिन्छ, यहाँका किसानले उचित मूल्य नपाएर सडकमा दूध बगाउँछन्। चिनी विदेशबाट ल्याइन्छ, देशमा उखुको मूल्य नपाएर उखुखेती गर्ने किसान घट्दै छन् । कृषकले समयमै बिउ-बीजन, मल नपाउने समस्या पुरानै छ । कृषि उपजमा परनिर्भरताको असर जनताका भान्छामा देखिन थालेको छ ।

उद्योग व्यापारको क्षेत्र झन् डाँवाडोल छ । सीमित व्यक्तिको हातमा ठूला उद्योग र व्यवसाय छन् । बैंकबाठ ऋण उनीहरूले नै पाउँछन्। बैंकले ब्याज मिनाहा उनीहरूलाई नै गर्छ । भन्सार छली गर्ने सीप उनीहरूसँगै छ। नेताहरू रिझाएर आफूअनुकूल नियम कानुन निर्माण गर्न सक्ने कला उनीहरूसँगै छ ।

अनि साना व्यापारीको भागाभाग छ । कहिले करको नाममा सरकारले लखेट्छ उनीहरूलाई, कहिले चन्दाको नाममा राजनीतिक दलका सुण्डमुण्डले लखेट्छन्। कहिले स्थानको नाममा नगर पालिकाले लखेट्छ त कहिले चर्को ब्याज र ऋण असुलीको नाममा बैंकले लखेट्छ। कतिपय साना व्यापारी पसलका सटर छाड्न बाध्य भएको यही आँखाले देखेको छु।

मसँगको कुराकानीका क्रममा संसद् र हाम्रा जनप्रतिनिधिका बारेमा पनि धेरैले व्याख्या-विश्लेषण गरेका थिए । अचेल संसद् बैठक चल्न सकेको छैन, कुनै न कुनै बहानामा बैठकलाई सधैँ अवरोध गरिन्छ । अनावश्यक विषयमा नियमापत्ति गर्ने, असहिष्णु शब्दको प्रयोग र संसद्को अभिलेखबाट हटाउने प्रतिस्पर्धा जारी देखिन्छ । राष्ट्रियसभामा तीन र प्रतिनिधिसभामा १२ विधेयक विचाराधीन छन् । वास्तवमा संसद् बन्धकमा छ । जनसरोकारका ती विधेयकमाथि कहिले छलफल हुने हो, कुनै टुङ्गो छैन ।

सांसदहरू त परिपक्व भएनन् भएनन्, सभामुख समेतले अपरिपक्व व्यवहार देखाए । संसदीय व्यवस्थामा प्रतिपक्षले प्रश्न सोध्ने र मन्त्री वा प्रधानमन्त्रीले उत्तर दिने विश्वव्यापी परम्परा हो, तर हाम्रोमा प्रधानमन्त्रीले उत्तर दिइसकेपछि सभामुखले फेरि प्रतिपक्षी दलको नेतालाई बोल्न दिन्छन्। अनि प्रतिपक्षी दलको नेताले उठाएका प्रश्नको उत्तर कसले दिने हो, थाहा छैन।

पहिलो त प्रतिपक्षी दलका अनुभवी नेताले प्रधानमन्त्रीपछि बोल्न समय नमाग्नुपर्ने हो, मागेकै भए पनि सभामुखले नदिनुपर्ने । प्रधानमन्त्री बोल्दै गर्दा नियमापत्ति गरिँदैन, गरिए पनि सभामुखले रुलिङ गरेर बस्न भन्छन्। यहाँ त बोल्दै गरेका प्रधानमन्त्रीलाई रोस्टममा उभ्याएर नियमापत्ति गर्ने माननीयलाई बोल्न दिन्छन् सभामुख ।

सत्तापक्षका सांसद पनि कम छैनन् । प्रतिपक्षले प्रश्न सोधे भनेर हो हल्ला गर्छन् । सदनमै एकापसमा जुहारी खेल्ने प्रयास गर्छन् । प्रतिपक्षका सांसद उठे भनेर सत्तापक्षका सांसद पनि उठ्छन् ।

नेपाली नेताहरू आफूलाई सर्वज्ञ र सर्वदृष्टिवाला ठान्छन् र केही पढ्दैनन् । हुँदाहुँदा हाम्रा सांसद सदनमा बोल्नुपर्ने विधेयक समेत पढ्दैनन्, शीर्षक हेरेर अन्दाजको भरमा भाषण गर्छन्। गाईजात्रा छ, हाम्रो संसद्या ।

रोजगारीको क्षेत्र हेरौँ । निजामती, शिक्षा, प्रहरी र सेनामा गरी सरकारी क्षेत्रमा वार्षिक केही हजार रोजगारी खुल्छन् । निजी क्षेत्रमा केही बैंक र संस्थागत विद्यालयमा मात्र रोजगारी उपलब्ध छ । देशमा उत्पादन भएको जनशक्तिको १० प्रतिशत पनि यी क्षेत्रले थेग्दैन । अनि बर्सेनि लाखौँ युवा बिदेसिन्छन् । छोरो विदेशमा, बुहारी विदेशमा – अचेल गाउँ-सहरमा ज्येष्ठ नागरिकको बाहुल्य छ । घर्कंदो उमेर, विभिन्न रोगले च्यापेका वृद्ध बाआमालाई मेडिकल र अस्पताल लैजाने व्यक्ति छैनन् ।

सरकारी कर्मचारीको कुरा गर्दा – भ्रष्टाचार, ढिलासुस्ती र ट्रेड युनियनले गाँजेकै छ । तल्लो स्तरका कर्मचारी विभिन्न दल नजिकका सङ्गठनका सदस्य छन्, त्यसैले उनीहरूले कसैलाई टेर्नै परेन। हाकिम त हाकिम भइहाले, कसलाई टेर्नुपर्यो र ? विज्ञ र योग्य तथा सफेद कर्मचारी नभएका होइनन्, उनीहरू कि त जगेडामा राखिन्छन् कि त कुनै काम नभएको मन्त्रालय र विभागमा पेलिन्छन् ।

कर्मचारीतन्त्रको चेन अफ कमान्ड समाप्त भएको छ। ट्रेड युनियनका नेताले सचिव सरुवा गर्ने धम्की दिन्छन् । माथिल्लो स्तरका कर्मचारी मन्त्री र नेताको इसारामा काम गर्छन् । अनि सेवाग्राहीले समयमा गुणस्तरीय सेवा कसरी पाउनू ! सरकारलाई तिर्नुपर्ने कर तिर्न त घन्टौँ लाइन बस्नुपर्ने देशमा जनताले लिने सेवा पाउन कति सास्ती होला, भनिरह नै पर्दैन ।

यी सबै बेथितिलाई बेवास्ता गर्दै कसरी लेखूँ – देशलाई सन्चै छ भनेर ! यद्यपि आसलाग्दो कुरा के हो भने, देशको रोग पत्ता लागिसकेको छ। विभिन्न दलका चरित्रवान् र नैतिकवान् युवा नेताले सच्चिनुपर्ने र सच्याउनुपर्ने विषयलाई महसुस गरिरहेको देखिन्छ। यसका लागि उनीहरू आ-आफ्ना दलमा समेत सङ्घर्षर त छन् । अहिले हेर्दा लाग्छ, केही अङ्गहरूको प्रारम्भिक उपचार सुरु भइसकेको छ ।

आशा गरौँ, अबको केही वर्षमा यी युवा सत्तामा पुग्नेछन् र रोगको पूर्ण उपचार गर्नेछन् । अनि ढुक्कले भन्न सकिन्छ कि मेरो देशलाई पूर्णरूपमा सन्चो छ। *(स्रोतः रातोपाटी)*

# सुत्केरीसँग जनप्रतिनिधि कार्यक्रम राखिएको छ

महिला जनप्रतिनिधिको उल्लेख्य संख्या वडा सदस्यमै सीमित छ । वडा सदस्य निर्वाचित कतिपय महिला जनप्रतिनिधिलाई आफ्नो काम, कर्तव्यको विषयमा समेत जानकारी छैन । पालिका र वडाले पनि महिला जनप्रतिनिधिको सशक्तीकरण, महिला जनप्रतिनिधिलाई परिचालन गर्ने विषयमा ध्यान दिन सकेको छैन । हेटौंडा-४, अजरअमररोडस्थित सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्जले हरेक साता महिला जनप्रतिनिधिसँग कुराकानी गर्ने गरेको छ । यसैसन्दर्भमा मकवानपुरको मकवानपुरगढी गाउँपालिका-५ बाट वडा सदस्य निर्वाचित भई कार्यपालिका सदस्य समेत रहनुभएकी नन्दकुमारी विश्वकर्मा (बिक) सँग रेडियोकर्मी संगी लामाले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**नन्द कुमारी विश्वकर्मा**
**कार्यपालिका सदस्य**
**मकवानपुरगढी गाउँपालिका**

*तपाई राजनीतिमा कसरी पुग्नु भयो ?*
**बिक:** मेरो बुवा पहिलेदेखि नेपाली कांग्रेसको सदस्य हुनुहुन्थ्यो । पार्टीका लागि एकदम मिहिनेत गर्नुहुन्थ्यो । नेपाली कांग्रेसले पनि बुवाका लागि या भनौं मलाई पढ्नका लागि हरेक कुरामा सहयोग गर्दै आयो । पछि म मकवानपुर जिल्लामा विवाह भएर आएँ । धेरै समस्याको सामना गर्दै आफ्नो पढाइ अगाडि बढाएँ । बुवा ४० वर्षको उमेरमा बित्नु भयो । त्यसपछि मलाई पार्टीको झनै माया लाग्यो । बुवा बित्नु भएपछि कांग्रेस पार्टी भनेर सबैले सहयोग गर्नु भयो । सम्बन्ध प्रगाढ हुँदै गयो । म कांग्रेसमा आबद्ध भएँ ।

*बिवाहअघि तपाई कहाँ हुनुहुन्थ्यो ?*
**बिक:** म धादिङ जिल्लाको सीतालेख गाउँपालिकामा थिएँ । दश कक्षासम्म त्यहीँ श्री महाकाली माविमा पढेँ ।

*घर परिवारसँगै वडा र पालिकाको कार्यपालिका सदस्यको पनि जिम्मेवारी सम्हाल्नु कतिको सहज भैरहेको छ ?*
**बिक:** धेरै नै संघर्ष हुन्छ । घरमा सबै कुरा मिलाएर अघि बढ्नु पर्छ । कामको कारण घरबाट बाहिर निस्किनु पर्दा समाजले धेरै कुरा गर्छन् । "श्रीमतीलाई धेरै नपढाउनु पछि छोडेर जान्छे" भनेर यही समाजले मेरो श्रीमान्‌लाई धेरै सुनाए । उहाँले मलाई धेरै सहयोग गर्नु हुन्छ । म धेरै कुराहरु सहेर संघर्ष गर्दै अघि बढि रहेकी छु ।

*निर्वाचित भएको समयदेखि अहिलेसम्म आइपुग्दा तपाईहरुले वडामा केके काम गरेर सकाउनु भयो ?*
**बिक:** विकास निर्माणको कामहरुमा वडा अध्यक्षले अर्जुन दाई र सुकराम दाईलाई जिम्मा दिनु भयो । उहाँहरुले त्यो जिम्मा लिइसक्नु भएपछि हामीले महिलासम्बन्धी, कृषिसम्बन्धी, जस्तै टनेल बनाउन प्लाष्टिक दियौं, पशु बीमा गरेका छौं । बाख्रालाई नाम्ले जुकाको औषधी दिएका छौं । बालबालिकाको क्रियाकलापका लागि पैसा छुट्यायौं । त्यो क्रियाकलाप देउरालीडाँडामा भएको छ । बालबालिकाको खेलकुदका लागि भलिबलहरु पनि दिएका छौं ।

*गढि गाउँपालिकाको वडा नम्बर ५ मा अहिले गर्ने पर्ने विशेष काम के देख्नु हुन्छ ? अनि कसरी उक्त काम गर्ने योजना बनाउनु भएको छ ?*
**बिक:** म महिला तथा बालबालिका पट्टिबाटै जान चाहन्छु । वडाका महिलाहरुले सीप सम्बन्धी कार्यक्रम ल्याउनु पर्‍यो भन्नु भएको थियो । त्यो सम्बन्धी कार्यक्रम ल्याउनका लागि पैसा छुट्टाइएको छ । सीप विकाससम्बन्धी भेला गर्दा कुन कार्यक्रम गर्दा उपयुक्त हुन्छ त्यो कार्यक्रम गर्ने, कृषिसम्बन्धी, महिला उद्यमीका लागि हामीले बीउ दिने, कृषि समूहले आवश्यक के छ के माग्नु हुन्छ कृषि व्यवसायलाई निरन्तरता दिन के सहयोग गर्नुपर्छ भनेर त्यसका लागि बजेट छुट्टाइएको छ ।

*तपाईको वडामा महिलाहरुको स्वास्थ्यको अवस्था कस्तो छ ? महिलाहरुको स्वास्थ्यका लागि के कस्ता कार्यक्रमहरु ल्याउनु भएको छ ?*
**बिक:** अहिलेका लागि चै आमभञ्ज्याङ स्वास्थ्य चौकी ५ नम्बर वडामै छ । अलि दुर्गमतिर हुनुहुने महिलाहरुका लागि गाउँ-गाउँमै गएर स्वास्थ्य क्लिनिक चलाएका छौं । स्वास्थ्य चौकीमा सेवा लिन आउँदा केही होला, कस्तो समस्या होला भनेर सिसि क्यामेरा जडान गरेका छौं ।

*स्वास्थ्य चौकीसम्म सेवा लिन आउने महिलाहरुको संख्या के कति छ ?*
**बिक:** सेवा लिन आउने धेरै नै हुनुहुन्छ । केही महिलाहरु चैं हेटौंडा आउनु हुन्छ । प्रसुती सेवा पनि स्वास्थ्य चौकीमै उपलब्ध गराएका छौं । जति सकिन्छ स्वास्थ्य चौकीमै आउनु भनेका छौं । स्वयम्‌सेविकाहरु खटिएका छन् । यसपालीदेखि गाउँपालिकामा स्वास्थ्यमा सुत्केरीसँग जनप्रतिनिधि कार्यक्रम राखिएको छ ।

**उपमहानगरको प्रशंसनीय कार्य**
विज्ञसँग सल्लाह गरेर मैले नगरप्रमुख मीना कुमारी लामालाई पहिले नै भनेको थिएँ, "मातृशिशु अस्पताल नै सञ्चालन कठिन छ । बरु हेटौंडा अस्पतालकै मातृशिशु इकाईको क्षमता विस्तार गर्न सहयोग गर्दा राम्रो होला ।" तर, नगर प्रमुख मीना कुमारी लामाले भन्नुभयो, "होइन, मातृशिशु अस्पताल नै चलाउने हो ।" नगर प्रमुखले आँट्नुभएको अस्पताल नै सञ्चालन सम्भव भएन । आज विज्ञसँगको परामर्शमा मैले भनेजस्तै हेटौंडा अस्पतालको मातृशिशु स्वास्थ्य इकाईलाई नै विस्तार गर्ने सम्भौता भएछ । खुसी लागेको छ । यो महत्वपूर्ण निर्णयका लागि आभारी छु ।
सुनेको छु हेटौंडा उपमहानगरपालिकाले खानेपानीमा दिँदै आएको छुटमा पनि संशोधन गर्दैछ । २० युनिटसम्म करिब २३ हजार उपभोक्ता सबैलाई छुट दिँदै आएकोमा अब न्यूनतम प्रयोग गर्ने उपभोक्ता (करिब ७ हजार) लाई मात्रै छुट दिने गरी यसअघिको सुविधामा संशोधन गरिँदैछ । छुट लक्षित वर्गलाई हुनुपर्छ, न्यूनतम् खपत गर्ने वर्गलाई सहुलियतको महत्व पनि हुन्छ भनेको थिएँ । ढिलो-चाँडो सुध्रनु महत्वपूर्ण र उपलब्धीको कुरा हो । स्थानीय सरकारले विज्ञको कुरा सुनेर काम गरोस् शुभकामना । तस्वीरका लागि नगर प्रमुखको सचिवालयप्रति आभारी छु ।

## सडक दुर्घटनाको कहालीलाग्दो शृंखला

# ५ वर्षमा १२ हजार ६१२ जनाको मृत्यु

काठमाडौं: बुधबार बिहान काठमाडौंबाट पर्वतका लागि छुटेको प्रदेश ०१-००५ ख ९९५२ नम्बरको बस धादिङको गजुरी गाउँपालिका-२, चालिसेस्थित त्रिशुली नदीमा खस्दा ८ जनाको मृत्यु भयो । दुर्घटनाको कारण भने खुलेको छैन ।

यो दुःखद् दुर्घटना नेपालमा सडक दुर्घटनाको कहालीलाग्दो शृंखलाको पछिल्लो एक घटना मात्र हो । नेपाल प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो ५ वर्षमा सडक दुर्घटनामा परी १२ हजार ६१२ जनाको मृत्यु भएको छ ।

अघिल्लो आर्थिक वर्ष (आव) २०७९/८० को १२ महिनाको अवधिमा मात्र ३५ हजार ७५४ वटा सडक दुर्घटनाका घटना भएका छन् । जसमा परी २ हजार ३२० जनाको मृत्यु भएको छ । यो संख्या पछिल्ला वर्षहरुको तुलनामा केही कम भए पनि ज्यानमारा दुर्घटनाको शृंखला भने रोकिएको छैन । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा २ हजार ८८३ जनाले सडक दुर्घटनामा ज्यान गुमाएका थिए । आव २०७७/७८ मा २ हजार ६५८, आव २०७६/७७ मा २ हजार ५ सय र आव २०७५/७६ मा २ हजार २५१ जनाको सडक दुर्घटनामा ज्यान गएको नेपाल प्रहरीको तथ्याङ्क छ ।

सडक सुरक्षा विज्ञ तथा पूर्वट्राफिक प्रहरी प्रमुख केशव अधिकारी सडक पूर्वाधार, कमजोर नियमन र चालकको लापरवाहीले नेपालमा धेरै दुर्घटना हुने बताउँछन् । 'सवारी साधनको संख्याका हिसाबले हामी विश्वमा नगन्य अवस्थामा छौं', उनले भने, 'तर, दुर्घटना र मानवीय क्षति संसारमै उच्चमध्येमा हामी छौं, यो डरलाग्दो अवस्था हो ।'

यस्तो अवस्था आउनुमा सडकको रेखाङ्कन नमिल्नु, नेपालको भूगोलअनुसार चालक अनुमति पत्र दिने प्रणाली कमजोर हुनु र सडकमा तँछाडमछाड गर्ने चालकको प्रवृत्ति मुख्य कारण रहेको उनी बताउँछन् । 'नेपालमा सडक बनाउँदा यति धेरै घुम्ति राखिन्छ कि, एक-अर्का दिशाबाट आएका सवारी चालकले १०/१२ मिटरमात्र बाँकी रहँदा गाडी आएको देख्छन्', उनले भने, 'तीव्र गतिमा रहेका सवारीलाई चालकले नियन्त्रणमा लिन सकेनन् भने दुर्घटना हुन्छ, यसमा सडकको डिजाइनको गल्ती हुन्छ ।'

ड्राइभर सिटमा बसेपछि ब्रेक थिच्न नमान्ने चालक र उनीहरुलाई नियमन गर्ने निकाय कमजोर हुँदासमेत नेपालमा दुर्घटना बढेको अधिकारीले बताए । धेरैजना यात्रु बोकेर हिँड्ने हेवी सवारी साधनको चालक दक्ष र अनुभवी हुनुपर्ने मान्यता विपरीत अनौपचारिकरुपमा लाइसेन्स प्राप्त गरी सवारी चलाउने प्रवृत्तिले समेत दुर्घटना निम्त्याउने उनको भनाइ छ ।

अर्का सडक सुरक्षाविद् आशीष गजुरेल सडक सुरक्षामा संवेदनशील नहुँदा हरेक वर्ष दुर्घटनाबाट ठूलो मानवीय क्षति भइरहेको बताउँछन् । उनी भन्छन्, 'सडक सुरक्षामा सिन्को नभाँच्ने अनि दुर्घटना नभएर के हुन्छ त ? कहिले हुने हामी यो विषयमा संवेदनशील ? वार्षिक ३ हजार भन्दा धेरैले ज्यान गुमाउने विषयमा पनि हाम्रो लागि संवेदनशील नहुने ?'

विज्ञहरुका अनुसार ठूला राजमार्गमा हुने दुर्घटनापछि प्रहरीले दिने प्रतिवेदनलाई गम्भीरताका साथ लिएर सुधारमा नलाग्ने राज्य संयन्त्र नै मानवीय क्षतिमा ठूलो जिम्मेवार हो । 'कतिपय अवस्थामा एउटा साइनबोर्ड राख्दामात्र पनि दुर्घटना कम हुन्छ', अधिकारी भन्छन्, 'हामी त्यति पनि गर्न सक्दैनौं ।' सडक सुरक्षामा सडकमा राखिने रोड फर्निचर (मार्किङ)को ठूलो भूमिका हुने उनको भनाइ छ ।

### घाइते हुनेको संख्या विकराल

सडक दुर्घटनाले मानवीय क्षति गराउने विषयसँगै अंगभंग गराउने संख्यासमेत विकराल देखिन्छ । नेपाल प्रहरीको तथ्यांकअनुसार सडक दुर्घटनाका कारण एक वर्षको अवधिमा २८ हजार ९५६ जना मानिस घाइते भएका छन् । यो आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क हो ।

आर्थिक वर्ष २०७१/७२ यता आव २०७८/७९ सम्म सडक दुर्घटनामा परी १९ हजार ३८५ जनाको ज्यान गएको छ । यस्ता दुर्घटनामा १ लाख ३५ हजार १७५ जना मानिस घाइते भएको नेपाल प्रहरीको तथ्याङ्क छ । यो अवधिमा मात्र १ लाख ८६ हजार २७७ वटा सवारी साधन दुर्घटनामा परेका छन् ।

### दुईपांग्रे सवारी धेरै दुर्घटनामा

नेपालमा सवारी साधनको संख्याका हिसाबले दुईपांग्रे सवारी साधन दुर्घटनाको संख्या धेरै रहेको छ । तर, मानवीय क्षति धेरै गराउने सवारी साधनमा भने यात्रुबाहक सवारी साधनको संख्या धेरै रहेको छ । आव २०७९/८० मा मात्र २ हजार ८१० वटा यात्रुबाहक बस दुर्घटनामा परेका छन् । यस अवधिमा १८ हजार ४९ वटा मोटरसाइकल दुर्घटनामा परेको नेपाल प्रहरीको तथ्याङ्क छ ।

### ट्राफिक कारवाहीबाट मात्र उठ्यो झण्डै २ अर्ब

देशभर ट्राफिक नियम उल्लंघनको अवस्था कति डरलाग्दो छ भन्ने विषय ट्राफिक कारवाहीबाट उठेको राजस्वबाट पनि पुष्टि हुन्छ । नेपाल प्रहरीको तथ्याङ्कअनुसार आव २०७९/८० मा सवारी साधनमाथि गरिएको कारवाहीबाट मात्र १ अर्ब ८५ करोड २५ लाख ४२ हजार ४१५ रुपैयाँ राजस्व उठेको छ ।

यसरी ट्राफिक कारवाहीमा पर्नेमा ठूला, मझौला र साना सवारी साधनको संख्या उत्तिकै जिम्मेवार देखिएका छन् । सबैभन्दा धेरै कारवाही काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट भएको छ ।

### गति र लापरवाही कम हुनासाथ दुर्घटना न्यून हुन्छः प्रहरी

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेल उच्च गति र लापरवाही कम हुनासाथ नेपालमा धेरै सवारी साधनको दुर्घटना कम हुने बताउँछन् । 'अहिले धेरै दुर्घटना अति उच्च गति र चालकको लापरवाहीका कारण हुने गरेको देखिन्छ', उनी भन्छन्, 'स्पीड उच्च हुनासाथ अकस्मात आउने समस्यामा चालकले सवारी कन्ट्रोल गर्न सक्दैन ।' दुर्घटनामा यान्त्रिक गडबडी र सडकको अवस्थाले पनि भूमिका खेल्ने भन्दै उनले गति हुनासाथ यी गडबडीका कारण आउन सक्ने जोखिम पनि कम हुने उनको भनाइ छ ।

बुधबारको दुर्घटनासमेत उच्च गतिका कारण भएको हुनसक्ने आशंका गर्दै उनी भन्छन्, 'पानी परेको बेला सडक चिप्लो हुन्छ, यस्तो बेला जति कम स्पीडमा सवारी चलायो, त्यति सुरक्षित हुन्छ ।' काठमाडौं उपत्यकाभित्र गति नियन्त्रणका लागि प्रविधिको सहायता लिन थालिएको भन्दै उनले यो राष्ट्रिय राजमार्गमा समेत बिस्तारको आवश्यकता औंल्याए ।

(स्रोत: अनलाइनखबर)

# ७० पिस कट्टु मकवानपुर प्रहरीको नियन्त्रणमा

समाज संवाददाता
हेटौंडाः भन्सार छलेर ल्याएको ७० पिस कट्टु मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । मंगलबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चौकीले ७० पिस कट्टुसहित अन्य लत्ताकपडा नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरी वरिष्ठ नायब निरीक्षक मञ्जु कुमारी रानाको कमाण्डमा खटिएको प्रहरी टोलीले बीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बा ४ ख २९९१ नम्बरको बसको सुरक्षाजाँच गर्ने क्रममा ४० हजार रुपैयाँ बराबरको लत्ताकपडा नियन्त्रणमा लिएको हो । प्रहरीले गन्जी २० पिस, कुर्ता ३३ पिस, सुरुवाल १२ पिस, रेनकोट २१ सेट र टिसर्ट १५ पिस नियन्त्रणमा लिएको छ । यस्तै प्रहरीले बुधबार राती ९ बजेर ५० मिनेटको समया हेटौंडा-१५, रातोमाटेबाटै प्रहरीले ३० हजार रुपैयाँ बराबरको लत्ताकपडा नियन्त्रणमा लिएको छ । बीरगंजबाट नारायणघाटतर्फ जाँदै गरेको बा ४ ख ७०६८ नम्बरको बसमा सुरक्षाजाँच गर्दा ३० सेट कुर्ता सुरुवात नियन्त्रणमा लिएको छ ।




**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढन, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# डेंगु परीक्षणमा मनपरी शुल्क

काठमाडौंः डेंगुको प्रकोप व्यापक बन्दै जाँदा परीक्षणका नाममा प्रयोगशालाहरुले पाँच गुणासम्म बढी शुल्क असुलेको गुनासो सुनिन थालेको छ । र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) गर्दा निजी अस्पताल, क्लिनिक तथा सरकारी अस्पतालले पनि मनपरी शुल्क लिँदै आएका छन् ।

प्रतिव्यक्ति ५ सय देखि २ हजार ५ सय रुपैयाँसम्म उठाइरहेको गुनासो प्राप्त भएपछि स्वास्थ्य मन्त्रालयले शुल्क निर्धारण समिति बनाएको छ । परीक्षण शुल्कमा मनपरी भएको गुनासो आएपछि वैज्ञानिक ढंगले शुल्क तोक्न र अनुगमन गर्न स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले दिएको निर्देशनअनुसार गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. मदन उपाध्यायको संयोजकत्वमा चार सदस्यीय समिति गठन भएको हो ।

उक्त समितिमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. रुद्र मरासिनी, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रुना झा, व्यवस्थापन महाशाखा र एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन)का पदाधिकारी तोकिएको छ । स्वास्थ्यमन्त्रीले अनुगमन गरेर एक हप्ताभित्रैमा रिपोर्ट पेश गर्न निर्देशन दिएको एक सदस्यले बताए ।

'डेंगु संक्रमण बढेपछि अस्पतालले मनपरी शुल्क लिँदै आएको पाइएको छ । अबको एक हप्तासम्ममा शुल्क निर्धारण हुन्छ । त्यो शुल्कभन्दा बढी लिएको पाइएमा कारवाहीसमेत हुन्छ', ती सदस्यले भने । ती अधिकारी कीटको मूल्य र अन्य खर्च जोड्दा पनि ५ सय रुपैयाँसम्ममा डेंगुको परीक्षण गर्न सकिने बताउँछन्, तर सरकारी तथा निजी प्रयोगशालाले चर्को शुल्क असुलिरहेका छन् । अघिल्लो वर्ष पनि सरकारले शुल्क निर्धारण गरेपछि परीक्षण सहज बनेको थियो ।

### १३ जनाको मृत्यु, संक्रमित १७ हजार नाघे

डेंगु संक्रमणबाट पछिल्लो दुई महिनामा १३ जनाको मृत्यु भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) को तथ्यांकअनुसार जुलाई यता १३ जना संक्रमितको मृत्यु भएको हो । मृत्यु हुनेमा १२ जना सुनसरी र एकजना चितवनका छन् । जनवरीयता अगस्ट २२ सम्म १७ हजार ४०९ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

सबैभन्दा धेरै सुनसरीमा नौ हजार १५९ जना संक्रमित भएका छन् । मोरङमा एक हजार ९४५, धादिङमा एक हजार ८९० र झापामा ९४६ जना, काठमाडौंमा ४०२ जना संक्रमित भएका छन् । काठमाडौं उपत्यकामा पनि डेंगु फैलिँदो क्रममा छ । उपत्यकामा तीन जिल्ला गरी ६८९ जना संक्रमित भएका छन् । ७५ जिल्लामा फैलिएको डेंगु अगस्टका २२ दिनमा देशभर नौ हजार ५६६ संक्रमित थपिएका छन् ।

(स्रोत: अनलाइनखबर)

# म्यानेजमेन्टद्वारा प्राध्यापक, कर्मचारी पुरस्कृत



पुरस्कृत प्राध्यापक तथा कर्मचारीहरु प्रिन्सीपलको साथमा ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टले प्राध्यापक, कर्मचारीलाई सम्मान गरेको छ । वार्षिकरुपमा कार्यसम्पादन तथा नतीजाका आधारमा प्राध्यापक र कर्मचारीलाई सम्मान गरेको हो । बुधबार एक कार्यक्रमको आयोजना गर्दै म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले नगदसहित सम्मान गर्नुभयो ।

म्यानेजमेन्टले व्यवस्थापन सङ्कायतर्फ गोकुल अर्याल, विज्ञान संकायतर्फ शेखरचन्द्र भट्टलाई उत्कृष्ट प्राध्यापकको रुपमा जनही नगद २५ हजार रुपैयाँसहित सम्मान गरेको छ। यस्तै लामो समयदेखि कार्यरत समीर गौतमलाई नगद ४० हजार रुपैयाँसहित लाइफटाइम अचिभ्मेन्ट अवार्ड प्रदान गरिएको छ । विषयगतरुपमा उत्कृष्ट नतीजा हासिल गर्ने प्राध्यापकलाई पनि सम्मान गरिएको छ । स्नात्तकोत्तर र स्नातक तहमा बढी विद्यार्थी उत्तीर्ण भएका विषयगत प्राध्यापकहरु प्रद्युम्न उपाध्याय, नित्यराज भट्टराई, सविना सडौला, पूर्ण ढोडरीलाई जनही ५ हजार रुपैयाँसहित सम्मान गरिएको छ। कर्मचारीतर्फ रवीन श्रेष्ठलाई नगद २० हजार रुपैयाँसहित सम्मान गरेको छ ।

कक्षा ११ र १२ मा विज्ञान र वाणिज्य संकाय, स्नातक तहमा बाणिज्य संकाय र सूचना प्रविधिसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको हेटौंडा स्कूल अफ म्यानेजमेन्टले स्नात्तकोत्तर तहमा वाणिज्य संकाय सञ्चालन गर्दै आएको छ । म्यानेजमेन्टले उत्कृष्ट नतीजा हासिल गर्ने विद्यार्थीलाई पनि सम्मान गर्दै आएको छ ।

# २ करोड ३५ लाखमा बनेको प्रहरी चौकीको उद्घाटन




प्रहरी चौकीको नवनिर्मित भवन ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१८, ठूलोदमारस्थित प्रहरी चौकी भवनको उद्घाटन गरिएको छ । बुधबार बिहान बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भवनको उद्घाटन गर्नुभयो । २ करोड ३५ लाख ८६ हजार रुपैयाँ लागतमा प्रहरी चौकी भवन निर्माण भएको हो ।

प्रहरी चौकी भवन उद्घाटन कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री गंगा नारायण श्रेष्ठ, बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, हेटौँडा उपमहानगर पालिकाकी नगर प्रमुख मीना कुमारी लामा, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव ध्रुव गैडा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेढाई, बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणाको पनि उपस्थिति रहेको थियो ।

# अवैध कपडा बरामद

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हेटौंडा-१५, रातोमाटेबाट भन्सार चोरी पैठारी गरी ल्याएको कपडा बरामद गरेको छ । मंगलबार वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बा ४ ख २१९१ नम्बरको बसलाई प्रहरीले सुरक्षाजाँच गर्दा बसको डिक्कीमा लुकाई ल्याएको कपडा बरामद गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले बसबाट गन्जी २० पिस, कट्टु ७० पिस, कुर्ता टप २४ पिस, कुर्ता सुरुवाल १२ पिस, अम्रेला कुर्ता ९ पिस, पानी बर्षाती (टु पिस) २१ पिस, टि-सर्ट-१५ पिस गरी ४० हजार रुपैयाँ बराबरको कपडा बरामद गरेको हो ।

# घरको छतबाट लडेर रुपाको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवनको भरतपुर महानगर पालिका-१०, बालमन्दिर नजिक छतबाट लडेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थानकी ३४ वर्षीया रुपा सापकोटा रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सापकोटा आफ्नै घरको छतबाट लड्दा घाइते भई उपचारका लागि नयाँ मेडिकल कलेज लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । सापकोटाको शव अस्पतालबाट आफन्तले बुझी लगेको प्रहरीले जनाएको छ ।

# १४ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः पछिलो २४ घण्टामा मकवानपुरमा १४ जनामा डेंगु पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरका स्वास्थ्य अधिकारी नवदीप सिलवालका अनुसार डेंगु पुष्टि हुनेमा ७ जना बागमती गाउँपालिकाका, ५ जना हेटौंडा उपमहानगरपालिकाका र एक जना बकैया गाउँपालिकाका रहेका छन् ।

जिल्लाभर साउन महिनायता २ सय २० जनामा डेंगु पुष्टि भएको छ। यस्तै, १ जनाको मृत्यु भइसकेको छ । संक्रमण पुष्टि हुनेमध्ये १ सय ५६ जना हेटौंडाका रहेका छन् । हेटौंडाका ७५ पुरुष र ८१ महिलामा संक्रमण पुष्टि भएको छ ।

यस्तै, हेटौंडा अस्पतालमा डेंगु जाँच गराएका ८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जाँच गराएका ४९ जनामध्ये ८ जनामा डेंगु संक्रमण पाइएको हो । ४ महिला र ४ पुरुषमा डेंगु संक्रमण पुष्टि भएको अस्पतालले जनाएको छ ।

# आत्महत्या गर्नेको संख्या बढ्दो

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा आत्महत्या गर्नेको संख्या उलेख्यरुपमा बढ्दै गएको छ । चालु आर्थिक वर्षको साउन महिनामा मात्र जिल्लाभर २२ जनाले आत्महत्या गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार साउन महिनामा जिल्लाभर १४ जना पुरुष र ८ जना महिलाले आत्महत्या गरेका छन् । यो संख्या कायम रहने हो भने गत आर्थिक वर्ष २०७९/०८० मा भन्दा चालु आर्थिक वर्षमा दोब्बर पुग्ने अनुमान गर्न सकिन्छ । गत आर्थिक वर्ष २०७९/०८० मा जिल्लामा एक सय ५५ जनाले आत्महत्या गरेका थिए ।

बागमती प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक दीपक रेग्मीका अनुसार बढ्दो आत्महत्या रोकथामका दिगो उपाय सोच्नुपर्ने आवश्यकता रहेको छ । अहिले आत्महत्या गर्नेहरु प्रायः मानसिक रोगको समस्यामा परेका पाइएको उहाँले बताउनुभयो । विभिन्न कामहरुमा असफल हुँदा र गरिबीका कारण मानिसहरु मानसिक रोगको सिकार बन्ने र आत्महत्या बाटो रोज्ने उहाँको भनाइ छ ।

प्रहरीको काम विभिन्न सचेतना कार्यक्रमहरु गर्नेमात्र रहेकाले अन्य काम भने गर्न नसक्ने उहाँले बताउनुभयो । उहाँले गरिबी न्यूनीकरण गर्ने खालका नीति तथा कार्यक्रम बन्नुपर्ने बताउनुभयो । आत्महत्या न्यूनीकरणका लागि सरोकारवाला संघसंस्थाहरु सबैले सचेनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । सचेतनाका कार्यक्रमलाई विद्यालय तहदेखि नै सञ्चालन गर्नुपर्ने उहाँले बताउनुभयो । विद्यार्थीहरुलाई सचेतना गराएमा घरपरिवार र टोल समुदायमा आत्महत्या केही हदसम्म न्यूनीकरण हुने उहाँको भनाइ छ ।

## तामाङ पहिचान...

अधिवक्ता अमृत कुमार लामाले जानकारी गराउनु भएको थियो । कार्यक्रममा घेदुङ संघीय उपमहासचिव जगतमान दोङ, बागमती प्रदेश अध्यक्ष लिलाकुमार घलान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामा, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिन, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङ, इन्द्रसरोवर गाउँपालिकाकी उपाध्यक्ष उमा लामा लगायतकाको उपस्थिति रहेको थियो ।


आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरू

- बरफले आँखा सेक्ने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि दैनिक धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

DURBAR AGROMART
We Are Open
DURBAR MART
Hetauda–4, Shitalmahal road






सूचना ! सूचना !! सूचना !!!

यहि आउँदो भदौ १६ गते काठमाडौं शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौंबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।

हाम्रो सेवाहरू

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा

Sancho Hospital Pvt. Ltd.

सम्पर्कः मकवानपुर पोलिक्लिनिक
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४
(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

स्वादिष्ट नेवारी खाजा





अब होटल बासुकला (फास्टफुड) मा

❍ स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
❍ नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।





Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

रेडियो निकास ९३.४ The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ